# दुहवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
प्रदेश नं १, नेपाल

जग्गा खरिदसम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको ३० दिने सुचना
( प्रथम पटक सुचना प्रकाशित मिति **२०७८/०८/२९** )

यस दुहवी नगरपालिकाको वडा न १ मा ४ देखि ६ कट्टा जग्गा बुढिखोला कटान मुसहर बस्ती स्थानान्तरणका लागि खरिद गर्नु पर्ने भएको हुनाले जग्गा बिक्री गर्न इच्छुक जग्गा धनीहरुलाई यो सुचना प्रकाशित भएको मितिले ३० ( तीस ) दिन भित्र तपशिलका शर्तहरुको अधिनमा रहि जग्गा बिक्रीको शिलबन्दी बोलपत्र यस कार्यालयमा दर्ता गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ ।

१. बोलपत्र दस्तुर फाराम रु ३००० । फिर्ता नहुने गरि तिरी यो सुचना प्रकाशित भएको मितिले ३० दिन सम्म कार्यालय समयमा यस नगरपालिकावाट शिलबन्दी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. शिलबन्दी फाराम खरिद गर्दा जग्गा धनीको निवेदन साथ नागरिकता प्रमाण पत्र, जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३. सुचना प्रकाशन भएको मितिले ३१ औ दिन, दिनको १२ बजे सम्म शिलबन्दी बोलपत्र दाखिला गर्नु पर्नेछ । दाखिला भएको शिलबन्दी बोलपत्र सोही दिन, दिनको २ बजे कार्यालयका प्रतिनिधि बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभए पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

४. एक जनाको नामवाट बिक्री भएको बोलपत्र अर्को जनाको नामवाट बोलपत्र दाखिला गर्न पाईने छैन । यसो गरेको अवस्थामा दाखिला भएको बोलपत्र माथि कुनै कारवाही गरिनै छैन । साथै रित नपुगेको, म्याद नाघी आएको तथा सुचनाको शर्त विपरीत भएको बोलपत्र माथि पनि कार्वाही हुने छैन ।

५. बोलपत्र पेश गर्दा बोलपत्र साथ देहाय बमोजिमका कागजात संलग्न गर्नु पर्नेछ ।
- क जग्गा धनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
- ख जग्गा धनीको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी ।
- ग हालसालै प्रमाणित वडा नक्सा तथा किता न सहित देखिने नक्साको सक्कलै प्रति ।
- घ चालु आ.ब. २०७८/७९ सालको जग्गाको मालपोत तिरेको रसिदको प्रतिलिपि ।
- ङ संस्थागत जग्गाको हकमा जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि र अख्तियारी प्राप्त व्यक्तिको पहिचान तथा अख्तियारीनामाको कागज ।

६. जग्गा उपलब्ध हुने स्थानमा कम्तिमा २० (बिस) फिट बाटोले छोएको हुनु पर्नेछ।

७. हुनु पर्ने जग्गाको अवस्थिति : दुहवी न पा वडा न.१ (एक) को बुढि खोला किनार भन्दा ३०० ( तिन सय ) मिटर पश्चिमको दुरीमा वडा न १ को क्षेत्र भित्र हुनु पर्नेछ ।

दिपेन्द्र चौधरी
लेखा अधिकृत

विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

८. झै-झगडा किचलो दोहोरो स्वामित्व भएको तथा अन्य कुनै निकायमा धितो बन्धक राखिएको वा रोक्का वा विगत ६ महिना भित्र मालपोत रजिष्ट्रेसन गरिएको जग्गा उपर कुनै कार्वाही गरिने छैन।

९. जग्गा एकमुष्ट प्लटमा हुनु पर्नेछ । एक अर्को संग जोडिएको अलग अलग व्यक्ति को जग्गा भएमा संयुक्त बोलपत्र पेश गर्न सकिनेछ । तर कागजातहरु सबै जग्गा धनीको नै संलग्न गर्नु पर्नेछ ।

१०. जग्गा सामान्य प्रकृतिको हुनु पर्नेछ । गहिराई तथा डुवानमा पर्न सक्ने जग्गालाई मुल्यांकनकर्ताले अमान्य गर्न सकिनेछ ।

११. प्रस्तावित जग्गाको स्थलगत अनुगमन गरि घटी, बढी क्षेत्रफल र मुल्यको जग्गा खरिद गर्ने वा नगर्ने लगायत सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।,

१२. जग्गा पास र रजिष्ट्रेसन दस्तुर बाहेकका अन्य कर तथा राजस्वहरु जग्गा धनी स्वयम ले नै व्यहोर्नु पर्नेछ ।

१३. बोलपत्रदाताले जग्गाको मुल्य प्रति कट्टा अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ । अक्षर र अंकमा लेखिएको दर रेट फरक परेमा अक्षरलाई मान्यता दिईनेछ र उक्त मुल्य ६ महिनाको लागि मान्य रहनेछ ।

१४. नगरपालिकाले भुक्तानी दिनु पर्ने जग्गाको रकम जग्गा नगरपालिकाको नाममा रजिष्ट्रेसन पास भए पछि मात्र भुक्तानी दिइनेछ ।

१५. प्रस्तावित जग्गाको स्थलगत निरीक्षण गरी वढी क्षेत्रफल वा घटी क्षेत्रफलको वा बढी मुल्यको वा घटी मुल्यको जग्गा खरिद गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस न पा मा सुरक्षित रहनेछ ।

१६. बोवलपत्र बिक्री गर्ने अन्तिम दिन तथा बोलपत्र दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु सो को भोली पल्ट हुनेछ ।

१७. यस सुचनामा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराका हकमा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

१८. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र नगर पालिकाको समयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

दिपेन्द्र चौधरी
लेखा अधिकृत

विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत